नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## काठमाडौँ

(प्रशासन शाखा)

प.सं. ०७७/७८

च.नं. १०३२

मिति : २०७७/०८/१८

### प्रेस विज्ञप्ति ।

उपत्यकामा कोभिड-१९ को संक्रमणको अवस्था दिनानुदिन बढ्दो क्रममा रहेको र यसको रोकथाम तथा नियन्त्रणका लागि भिडभाड नगर्ने, सभा जुलुस नगर्ने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड पालना गर्ने, मास्क अनिवार्य रुपमा लगाउने, भौतिक दूरी कायम गरी आफ्नो कार्य सम्पादन गर्ने, साबुनपानीले नियमित हात धुने जस्ता सूचनाहरु सम्प्रेषण गरी आम नागरिकको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गराउन जिल्ला प्रशासन कार्यालयद्वारा समय समयमा अपिल गर्दै आएको व्यहोरा विदितै छ। हाल सम्म पनि कोभिड-१९ को महामारी नियन्त्रणमा आइनसकेको र अझ हामी सबै सचेत भई उक्त रोगबाट बच्न सावधानी अपनाउनु पर्ने हुन्छ। यसै सन्दर्भमा मिति २०७७/०८/१८ गते उपत्यकाका तीनवटै प्रमुख जिल्ला अधिकारीहरु र सुरक्षा प्रमुखहरुको बैठकबाट २०७७/०८/१७ गते स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई, स्वास्थ्य आपत्कालीन कार्यसंचालन केन्द्रको बैठकको निर्णय अनुसार **संक्रमणको अवस्थालाई मध्य नजर गर्दै धैरै मानिसहरु भेला/जम्मा हुने र जनस्वास्थ्यका मापदण्डहरु उल्लंघन हुने खालका सभा सम्मेलन तथा भीडभाड हुने क्रियाकलापहरु हुन/गर्न नदिन सम्पूर्ण उपत्यकाबासीलाई अनुरोध गर्ने** निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ। साथै उल्लेखित कार्यहरु गरे/गराइएको पाइएमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारबाही गरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

०७७/०८/१८

रमी घिमिरे

प्रशासकीय अधिकृत

कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।

फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फ्याक्स नं .०१-४२६२८२८

इमेल :daobabarmahal@gmail.com वेवसाइट: daokathmandu.moha.gov.np